पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

पाल्हीनन्दन, नवलपरासी

५ नं. प्रदेश

## *खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र / बोलपत्र आव्हानको सूचना*

प्रथम पटक प्रकाशित मिति २०७६/०१/१३

यस कार्यालयबाट चालु आ.व. ०७५/७६ मा यस कार्यालय अन्तर्गत सञ्चालन हुनु स्वीकृत कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायी /कृषी मेशिनरी औजार सप्लायर्स व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र / बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*शर्तहरु :*

१. सम्वन्धित कागजातहरु संलग्न भएको खरिद तथा सप्लाई/निर्माण सम्वन्धि सिलवन्दी दरभाउपत्र/ बोलपत्र फाराम पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १५ औं दिन र बोलपत्रको हकमा ३० औं दिनसम्म खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको सचित कोष खाता नं.२४८०३०००००००००४००१००१ जम्मा गरेको भौचर बोलपत्रमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद तथा सप्लाई/निर्माण सम्वन्धि सिलबन्दी दरभाउपत्र / बोलपत्र खरीद गर्दा आ.व.०७५/७६ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र,स्थायी लेखा नम्वर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । मु.अ.क. छुटको हकमा सोही बमोजिम हुने छ ।

३. खरीद गरिएका बोलपत्रहरुमा उल्लेख भएका सबै विवरणहरु भरी खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/ बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १६ औं दिन र बोलपत्रको हकमा ३१ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका खरिद तथा सप्लाई सम्बन्धि सिलबन्दी दरभाउपत्र/ बोलपत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा सिलबन्दी दरभाउपत्र/बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्र/बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र/बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्रको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । खरिद तथा सप्लाई सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्रदाताले SOR ( Specification of Requirement ) मा उल्लेखित सबै आइटमहरु सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

७. खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र साथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिकाको कार्यालय,पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३००००००००३००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको खरिद तथा सप्लाई सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट सिलबन्दी दरभाउपत्रको हकमा कम्तीमा ७५ दिनको / बोलपत्रको हकमा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (***Bid-Bond***) संलग्न हुनुपर्नेछ । सिलबन्दी दरभाउपत्र/बोलपत्रको मान्य अवधि क्रमश: ४५ दिन र ९० दिनको हुनेछ ।

८. कुनै पनि सिलबन्दी दरभाउपत्र/बोलपत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

१०. रीत नपुगी वा म्याद नाघी आएका खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२ महिना म्याद भएको परफरमेन्स बन्ड (***Performance Bond)*** पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१४. खरिद तथा सप्लाई/निर्माण सम्बन्धि सिलबन्दी दरभाउपत्र/बोलपत्र सम्बन्धि अन्य जानकरी चाहिएमा यस कार्यालयको वेवसाइट www.palhinandanmun.gov.np वा योजना अनुगमन तथा मुल्याङ्कन /कृषी शाखा मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**खरिद तथा सप्लाई सम्बन्धि बोलपत्र *सम्बन्धि विवरण***

| क्र.सं | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ५० % अनुदान रकमको कार्यालयले बेहोर्ने | ५० % जनसहभागिता रकमको कृषकले बेहोर्ने | कुल जम्मा ल.ई.रकम रु. ( कन्टेन्जेन्सी र भ्याट बाहेक ) | धरौटी रकम ( रु.) | खरिद तथा सप्लाई / निर्माण सम्बन्धि बोलपत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०९/०७५/७६ | खरिद तथा सप्लाई बोलपत्र | पम्पसेट खरिद तथा सप्लाई । | ३८,८०,०००/- | ४०,००,००० | ७८,८०,००० - | १,९७,०००/- | ३,००० - |
| २. | १०/०७५/०७६ | खरिद तथा सप्लाई सिलबन्दी दरभाउपत्र | पम्पसेट खरिद तथा सप्लाई । | १५,००,०००/ प्रदेश नं. ५ | ३,७५,०००/- पाल्हीनन्दन गाउँपालिका | १८,७५,०००/- | ४७,०००/- | १,००० - |
| ३. | ११/०७५/०७६ | सार्वजनिक निर्माण बोलपत्र | अधुरो स्वास्थ्य मार्ग कालोपत्रे , पाल्हीनन्दन -४ | | | ३७,८५,०००/- | ९५,०००/- | ३,००० - |
| ४. | १२/०७५/०७६ | सार्वजनिक निर्माण बोलपत्र | खेलकुद रंगशालाको बाउण्डरी निर्माण , पाल्हीनन्दन -२ | | | ३०,९५,०००/- | ७८,०००/- | ३,००० - |

प्रमुख प्रशासकीय अधिकृत